उत्तरी छिमेकी चीनको औपचारिक भ्रमणमा रहेका प्रधानमन्त्री केपी ओली अहिले प्रान्तिय नेतासँगको भेटघाट र घुमफिरमा व्यस्त भइरहेका छन् । ओली मुलुकमा कुनै ठूलो जिम्मवारी नै नभए भै चीनको प्रान्त-प्रान्त घुम्ने, विश्वविद्यालय तथा संग्रालय हेर्ने, प्रान्तिय नेताहरुसँग सहयोग मार्ने काममा व्यस्त छन् । र राजनीतिक भ्रमण सकिएपछि बोआओ फोरममा आफ्नो सम्बोधन लगत्तै उनी प्रान्तिय नेतासंगको छलफलमा पुरै टोली लिएर घुमिर हेका हुन् । चार मन्त्री, सांसदहरु र कर्मचारीको जम्बो टोली लिएर उनी राजनीतिक भ्रमण सकेर घुमफिर मा लागेका हुन । उनको पुरापुर तीन दिन प्रान्तहरू घुम्ने र अवलोकन गर्ने काममा नै बिते भएको छ । यस्तो औपचारिक भ्रमण प्रायः तीनदेखि पाँच दिन हुने परम्परावियरीत ओलीले आठ दिन चीनमा बिताउने भएका छन् । निजी एयरलाइन्सको चार्टर फ्लाइट लिएर चीन भ्रमणमा गएका उनको राजनीतिक भेटघाट भ्रमणको दोस्रो दिन सकिएको थियो । उनको भ्रमणमा सकारात्मक सम्झौता भएका छन् । तर, अहिले उनको घुमाइले त्यस्ता सम्झौतालाई नै ओझेलमा पारेको उनीसँगै भ्रमणमा रहेकाहरुले बताए । उपप्रधान तथा परराष्ट्रमन्त्री कमल थापाले वेइजिङस्थित काठमाडौं फर्केने निर्णय लिएको भए पनि उनलाई समेत टोलीमा सामेल गराएर प्रधानमन्त्री भेटघाट र घुमफिरमा लागेका हुन् । थापा बोआओ फोरम मा जाने कार्यक्रम थिएन । तर, प्रधानमन्त्रीले उनलाई पनि बोआओ सियान, सिचुवान सवैँतर लगेका छन् । थापाको राजनीतिक भेटघाटपछि तत्काल फर्केने पूर्वघट कार्यक्रम वेइजिङ पुगेपछि परिवर्तन भएको हो । प्रधानमन्त्रीको कार्यक्रम पनि उनी चीन जानु दुई दिन अघिमात्र तीन दिन थप लम्क्याएको हो । केही अधिकारीहरु भने वेइजिङबाट नेपाल फर्किसकेका छन् । थापा सरकारको तर्फबाट गठित मधेसी मोर्चासँगको बार्ता समितिका संयोजक हुन साथै प्रदेशको सिमांकन पुनरावलोकन गर्न गठित उच्चस्तरीय समितिको पनि संयोजक हुन् ।

तमु राष्ट्रिय मुक्ति मोर्चा कास्कीको भेला



गोल्डेन न्युज संवाददाता
पोखरा १२ चैत्र ।

तमु राष्ट्रिय मुक्ति मोर्चा, कास्कीको तेश्रो जिल्ला भेला सुकवार पोखरामा सम्पन्न भएको छ । मोर्चाका जिल्ला अध्यक्ष धर्म तमुको अध्यक्षता र मोर्चाका केन्द्रीय अध्यक्ष बखानसिंह तमुको प्रमुख आतिथ्यतामा सम्पन्न भेलाले धर्म तमुको संयोजकत्वमा ४१ सदस्यीय जिल्ला सम्मेलन आयोजक समिति गठन गरेको छ ।

भेलालाई सम्बोधन गर्दै मोर्चाका केन्द्रीय अध्यक्ष बखानसिंह तमुले तमु समुदायले पुर्णरुपमा राजनीतिक, सामाजिक, आर्थिक, सास्कृतिक अधिकारप्राप्त नगर्दासम्म तमु मोर्चाको आन्दोलन जारी रहने स्पष्ट पारे । उनले नयाँ संविधानमा तमु मोर्चाले उठाउँदै आएका गणतन्त्र, संघीयता, धर्म निरपेक्षता, समानुपातिक, समावेशीता जस्ता एजेण्डाहरु समावेश भएपनि पहिचानसहितको तमुवान समावेश नभएकाले नयाँ संविधान अझै अपुर्ण भएको र त्यसलाई संशोधन गर्दै लैजानुपर्नेमा जोड दिए ।

त्यसैगरी भेलालाई सम्बोधन गर्दै एमाओवादी ४ नं. प्रदेशका इन्चार्ज डिलाराम आचार्यले माओवादी आन्दोलन र उत्पीडित समुदायको आन्दोलनलाई एकाकार गरेर वैज्ञानिकीमा जोड दिए । साथै उनले नयाँ संविधानमा संस्थागत भएका उपलब्धीहरुको रक्षा गर्दै थप अधिकारप्राप्तिको लागि सम्पूर्ण उत्पीडितहरु एकजुट हुनुपर्ने बताए । त्यसैगरी भेलामा मोर्चाका केन्द्रीय उपाध्यक्ष सोमति तमु, केन्द्रीय कोषाध्यक्ष धना तमु, एमाओवादी कास्की जिल्ला अध्यक्ष दिपक कोइराला, मोर्चाका केन्द्रीय सदस्य सु. इमान बहादुर तमु, एकीकृत अखिल नेपाल जनसास्कृतिक महासंघ, ४ नं. प्रदेश संयोजक मनहरी तिमिल्सिना, मोर्चाका केन्द्रीय सल्लाहकार लक्ष्मण तमु, अखिल नेपाल तमु मुक्ति मोर्चाका केन्द्रीय सचिवालय सदस्य लाल बहादुर तमु लगायतले बोलेका थिए । भेलाको सञ्चालन मोर्चाका जिल्ला सहसचिव तोरण तमुले गरेका थिए भने स्वागत उपाध्यक्ष शेर बहादुर तमुले गरेका थिए ।

कांग्रेस कालिकामा झोजराजको सम्झना

गोल्डेन न्युज संवाददाता
पोखरा १२ चैत्र ।



नेपाली कांग्रेसका क्रियाशिल सदस्य भोजराज तिमिल्सिनाको निधन भएको १३औं दिनको पुण्यतिथिमा श्रद्धान्जली सभा सम्पन्न भएको छ । शुक्रवार उनकै निवास कालिका-४, झाँफरेमारेमा उक्त कार्यक्रम गरिएको हो । कार्यक्रम नेपाली कांग्रेस कालिका गाउं कार्यसमितिले आयोजना गरेको हो । इकाइ सभापति भानुभक्त ढकालको सभापतित्वमा भएको कार्यक्रममा बोल्दै कार्यक्रमका प्रमुख अतिथि समेत रहेका कांग्रेस कास्कीका निवर्तमान सभापति एवं सांसद यज्ञबहादुर थापाले कालिका गाविसको विकासमा आफू लागिपर्ने बताएका छन् । स्व.भोजराजको सम्झना गर्दै सांसद थापाले भोजराजको निधनले नेपाली कांग्रेस पाटीलाई ठूलो क्षति पुऱ्याएको बताए । नेपाली कांग्रेस कास्कीका सभापति कृष्ण केसीले पाटीमा भोजराजको योगदान र भूमिका महत्वपूर्ण रहेको भन्दै उनले उनको योगदानलाई कहिल्यै भुल्न नसकिने बताए ।

कार्यक्रममा कांग्रेस कास्कीका जिल्ला सचिव सुदिपमोहन भट्टराई, जिल्ला सदस्य देवेन्द्र रानाभाट, ओम बस्नेत, क्षेत्रीय सचिव प्रेमकुमार श्रेष्ठ, नेपाल शिक्षक संघ कालिका इकाइका सभापति चिरञ्जीवी पौडेल, कालिका कांग्रेसका पूर्व सचिव रामकृष्ण त्रिपाठी र सचिव अञ्चलतमा पूर्व राष्ट्रपति रामकृष्ण तिमिल्सिना, इकाइ सचिव राजेश अधिकारी, परिवारका तर्फबाट दीपक तिमिल्सिना लगायतले स्व. भोजराजले राजनीति र समाजमा पुऱ्याएको योगदानको बारेमा चर्चा गरेका थिए । नेपाली कांग्रेस कालिकाका सभापति भानुभक्त ढकालले स्व. भोजराज आफ्नो अभिभावक समेत भएकाले कहिल्यै भुल्न नसक्ने र उहाँको परिवारलाई सदैव जुनसुकै सहयोग गर्न तयार रहेको प्रतिबद्धता जनाए ।

२०१६ साल कार्तिक २ गते कास्की कालिकामा जन्मिएका भोजराजको यहि फागुन २० गते निधन भएको थियो । उच्च रक्तचापका पीडित उनको उपचारको क्रममा मणिपाल शिक्षण अस्पतालमा निधन भएको थियो । उनी नेपाल शिक्षक संघ कालिकाका सचिव थिए भने नेपाली कांग्रेसका क्रियाशिल सदस्य समेत थिए । यसका साथै उनी जनज्योति प्राथि कालिकाका प्रधानाध्यापक समेत थिए । उनका श्रीमती, ३ छोरा र ३ छोरी छन् । उनका माइला छोरा श्रीकृष्ण तिमिल्सिना नेविसघ कालिकाका सभापति हुन् ।

राप्रपा नेपाल कास्की माझठानामा बाँस्तोला

गोल्डेन न्युज संवाददाता
पोखरा १२ चैत्र ।

राप्रपा नेपाल कास्कीको पाटी विस्तार अभियान अन्तर्गत माझठाना गाविसमा सम्पन्न भेलाले केशवराज बास्तोलाको अध्यक्षतामा २३ सदस्यीय कार्य समिति गठन गरेको छ। समितिको उपाध्यक्षमा विलोचन कँडेल, सचिवमा गणकृष्ण भुर्तेल, कोषाध्यक्षमा भिमबहादुर खत्री, सदस्यमा रुद्रनाथ तिवारी, कृष्णकुमार तिवारी, जिता गुरुङ, विष्णुप्रसाद रानाभाट, निलकण्ठ बास्तोला, बविता परियार, कृष्णहर भुर्तेल, देवका बास्तोला, भगवती भुर्तेल, मोहन कँडेल, पार्वती तिवारी, सूर्यप्रसाद पराजुली, शान्ति बुढाथोकी छन्। त्यसैगरी सदस्यमा सुकुमाया राई, वसन्तराज तिवारी, बुद्धीराज परियार, तिलकप्रसाद तिवारी, नारायणप्रसाद लामिछाने र शिवप्रसाद तिवारी छन्।

भेलाको उद्घाटन गर्दै जिल्ला विकास समिति कास्कीका पूर्वउपसभापति डा महेन्द्रबहादुर कार्कीले राप्रपा नेपालमा गोलबन्द हुन आग्रह गरे। राप्रपा नेपालका केन्द्रीय सदस्य रोमबहादुर भण्डारीले हिन्दूहरुको बाहुल्यता रहेको मुलुकलाई धर्म निरपेक्ष घोषणा गरेर हिन्दुमाथि विश्वासघात गरिएको बताए। राप्रपा नेपालका युवा नेता नारायण गुरुङले राष्ट्रियताको संरक्षणका लागि सबै पार्टी एकजुट हुनुपर्नेमा जोड दिए।

भेलामा राप्रपा नेपाल लेखनाथ अध्यक्ष हरि जि.सि, स्थानीपाटन टोल विकास समितिका अध्यक्ष दिपक कार्की, जिल्ला सदस्य रामबहादुर कार्की, क्षेत्रीय सदस्य रुद्र के.सी र वसन्तराज तिवारी लगायतले बोलेका थिए भने माझठाना गाविसका इकाई सभापति भिमबहादुर खत्रीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा समाजसेवी रामचन्द्र तिवारीले स्वागत र कृष्णकुमार तिवारीले कार्यक्रम सञ्चालन गरेका थिए।

अन्तरसहकारी व्याडमिण्टन प्रतियोगिता हुने

गोल्डेन न्युज संवाददाता
पोखरा १२ चैत्र ।

पोखरा-१० बुद्ध चोकमा रहेको गोखाँज बचत तथा ऋण सहकारी संस्थाले दोश्रो कास्की जिल्ला अन्तर सहकारी डबल व्याडमिण्टन प्रतियोगिता २०७२ गर्ने भएको छ । ५९ औं राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा खेल खेलौं, सहकार्य गरौं, स्वस्थ्य बनौं नाराका साथ यही चैत्र २० देखि २२ गते सम्म पोखरा १७ मुस्ताङचोकस्थित सिरमोर फिटनेस सेन्टर,गल्फ स्कूल,मा दोश्रो संस्करणको कास्की जिल्ला अन्तर सहकारी डबल व्याडमिण्टन प्रतियोगिता हुने शुक्रवार आयोजित पत्रकार सम्मेलनमा प्रतियोगिता संयोजक गोखाँ कम्युनिटी पोखराका अध्यक्ष मेजर लक्ष्मीप्रसाद गुरुङले जानकारी दिए ।

कास्कीका रहेका सहकारीहरु बिच खेलकुद प्रतियोगिता मार्फत सम्बन्ध सुदृढ बनाउने उद्देश्यका साथ आयोजना गरिने प्रतियोगितामा एक सहकारीबाट डबल टिम इभेन्टसमा ३ टिम र संचालक समितिको एक टिमको सहभागिता हुनुपर्ने सोंपाल तमु,समाज भवनमा आयोजित पत्रकार सम्मेलनमा बताइएको थियो ।

करिब ३० टिमको सहभागिता रहने अनुमान गरिएको प्रतियोगिताको अन्तर सहकारी टिम इभेण्टको प्रथमलाई १५ हजार रुपैया नगद सहित रनिङ ट्रफी, मेडल र प्रमाणपत्र, दोश्रोलाई १० हजार, तेश्रोलाई ५ हजार रुपैया सहित मेडल र प्रमाणपत्रबाट पुरस्कृत गरिने भएको छ । यसरी नै अन्तर सहकारी सञ्चालक समितितर्फ प्रथम हुनेलाई ३ हजार, दोश्रोलाई २ हजार र तेश्रोलाई १ हजार रुपैयासहित मेडल र प्रमाणपत्रबाट पुरस्कृत गरिने प्रतियोगिता संयोजक मेजर लक्ष्मीप्रसाद गुरुङले बताए । खेल टिटिको सिस्टम र नकाउटको आधारमा खेलाइने भएको छ भने टिम दर्ताका लागि सहभागी सहकारीले ५ हजार रुपैया दर्ता शुल्कसहित चैत १६ गते बेलुका ५ बजेसम्म दर्ता गराइसक्नु पर्ने आयोजक समितिले जनाएको छ । कास्की जिल्ला व्याडमिण्टन संघको प्राविधिक सहयोग रहने प्रतियोगिता सम्पन्न गर्नका लागि ३ लाख ५० हजार खर्च लाग्ने अनुमान आयोजक समितिको छ ।

पत्रकार सम्मेलन गोखाँज बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष क्याप्टेन इन्द्रबहादुर गुरुङको अध्यक्षता र आयोजक समितिका संचिव भुपालजंग कुँवरको सञ्चालनमा भएको थियो । यस अघि २०७० सालमा आयोजित प्रथम कास्की जिल्ला अन्तर सहकारी व्याडमिण्टन प्रतियोगिताको उपाधि इमेज बचत तथा ऋण सहकारी संस्था लिमिटेडले जितेको थियो ।

तु-आवश्यकता

पोखराको मोहद्रपुलमा रहेको एक प्रतिष्ठित रेडिमेड फेन्सी पसलका लागि एक जना महिला/पुरुष कर्मचारी आवश्यक परेको हुँदा इच्छुक, अनुभवी उक्तपले तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क : ४८४६०२२८०८
०६१-५२१६५२

तु-अवश्यकता

पोखराको पालिखोकमा रहेको श्रद्धा सरस्वती पुस्तक पसलका लागि केही पुरुष कर्मचारी आवश्यक परेको हुंदाले एसएलसी उत्तीर्ण/+२ वा सो सरह र अनुभवी इच्छुक र इमादार व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला।
श्रद्धा सरस्वती पुस्तक पसल
तालाकार भवन,डाक्तर्स,पालिखोक
फोन : ०६१-५४०७०१

पोखरामा पहिलो पटक
जोबबट्टक : तिउको साइज, पावर बढाउन, शिउ स्वस्तन रोक्न, विश्व विख्यात हर्बल रासिएजेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, सुताइ कसिलो बनाउन, पेटको विरा हटाउन।
केश भर्ने रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन सप उत्पाद (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Builde घटाउन (More Slim)
शाही नदिई जाँड रक्सी धुरोट, खैनी, गाँजा तथा हुक्स छुटाउन।
दाँड तथा जोर्नी दुखाई ठिक पार्ने, सस्तो सुधा पेत्तलिन।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) खुरोड, पोखरा
061-539070, 9856035331, 9804122919

वाया, पोतो र डण्डिफोर Bye Bye
वाया, पोतो, डण्डिफोर र मखियालाई एक हप्तामा नै हटाइनुका साथै गोरोपना बढाउने
बरे Original Korean Cosmetic Product पाइन्छ ।
साथमा मोटोपन घटाउने र बढाउने पनि ।
मर्जिनामा ३ प्रे-३ इन्च हाइट बढाउने Step-Up.
कपाल झर्ने रोक्ने, उमार्ने Hair building fiber.
सेती कपाललाई ५ मिनेटमा नै कालो बनाउने
चाउरिपना हटाउने
पिम्पासका लागि सफल उपचार ।
Skin Test गरिनछ ।
अप्याटिक उपचार
Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने ।
थाहि नदिइ जाड, रक्सीका साथै धुरोट, सुर्ती, केही दिनमा नै छुटाइने ।
नेपालकै नं १ Aloevera Juice हामीकहाँ पाइन्छ ।
बिहानी ब्यूटी ट्रेडर्स
घिस्रेचुहार, पोखरा-४, फोन: ४८४६५४४९८८, ०६१-५२४४५४
(माथल इम्पोरियमको ठ्याहाट हा कम्प्लेक्स भन्दा दुई घर तल)

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्टस्, रोयल ईम्पायराका साथै सिपेजको समस्या साबधान वाटर प्रुफिङ गरिन्छ ।
फोन : ०६१-४३०९१४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

प्रो. वद्री के.सी. : ४८५६०२५८४६
प्रो. गोपाल बहादुर कार्की : ४८५६०३७९७२
प्रो. राजेश के.सी. : ४८५६०३७३९७
ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फूल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक: खाना सँघ नहुने, अमिलो पानी आउने, झोसिल डकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
पेट सम्बन्धी समस्या: तिघ स्वस्तन, उतेज्रना नहुने, तिघ घिसाउने, स्वजन दोष जस्तो सुकै पेट सम्बन्धी समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिनावारी महढाई, सेतोपानी बग्ने, योनी घिसाउने, तल्लो पेट दाह कमर दुखे, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्वजन बढाउने तथा घटाउने तथा हाइट बर्ने, पीठ छातीतिरको कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता: काला धाबा पोत्ते, डण्डिफोरेर, झ्याल धब्बा, नरिवाल, कोठी, धाउरुपिक हटाई पूरै झरिर जोरो बनाउने ।
थप उपचार: प्रेसर, सुगर, जण्डिस, पिलास, पाइल्स, इम साथै हाथ, हाड कम्मर, हाड जोर्नी पूरै झरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
पिरिएल आयुर्वेद फार्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३५८६७, ०६-१२३५४४८, मो. ९८४६१३०४९८

सस्तोमा जहाज टिकट
सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

विदेश जानेहरुका लागि सुवर्ण अवसर
Macow, Abudabi का Spark, Middle East, Star र Al Jaber Coin इन्भ र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरु :- तयारी कक्षा छलाछल उलिरहेको छ ।
०-उत्तरपत्रिसत उत्तीर्ण गराउन सफल ०-आफ्नै मेनपावर कम्पनीबाट प्लेसिंस गराइने ।
०१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल
सम्पर्क फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा बिजनेस कम्प्लेक्स तहर न. ३०,
फोन:०६१-५३०९२२, मो. ९८४६०-४१९२२

सेक्युरिटी गार्डमा वैदेशिक रोजगारको सुवर्ण अवसर
Abudhabi का Spark Middle East Star Skill Force, UAE का DPS, कतारका Grup-4 कम्पनी, लगायत भरपदार्थ देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला । Diplomatic सेक्युरिटी गार्ड तालिम, अंग्रेजी भाषा र कम्प्युटरको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
तयारी कक्षा छलाछल
सम्पर्क
आमोर ग्रुप सेक्युरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि

पर्वतको कुशमाबजारमा व्यवस्थित फनपार्क बन्दै

पर्वत १२ चैत्र ।

घर घडेरी र प्लटिङका कारण पर्वत सदरमुकाम कुश्माबजार बासीलाई मन बहलाउने स्थानको अभाव देखिएको छ । खेलकुदका गतिविधि सञ्चालन गर्न, मेला महोत्सव गर्नसमेत अहिले समस्या सिर्जना भएको छ । केही वर्ष अघिसम्म बजारका बिभिन्न ठाउँमा खाली रहेको बारी तथा प्लटिङ गरेकै घडेरीमा मेला महोत्सव गरिन्थ्यो भने अहिले सबै ठाउँ घरले भरिसकेका छन् । यस्तो अवस्थामा सदरमुकाममिश्रित बान्दे चिडी चौरेलाई फनपार्क (रमाइलो बाटिकाको) रूपमा विकास गरिने भएको छ । बालबालिका तथा सर्वसाधारणलाई मनोरञ्जन लिन, सबैसँग भेटघाट गर्न र दैनिकजसो परिश्रम गरेर थाकित मनलाई बहलाउन मिल्ने गरी फनपार्क निर्माण गर्न लागिएको हो । शिवालय चोकभन्दा केही तलको डिलमा रहेको बान्देचिडी चौरलाई विगत लामो समयदेखि सभा समारोह गर्ने काममा उपयोग गरिँदै आइएको छ । बजारको छेउर मोटीखोलाको किनारमा रहेको उक्त चौरलाई फनपार्कका रूपमा अहिले विकास गर्न लागिएको हो । स्थानीय जनकल्याण सामाजिक महिला समूहको पहलमा बान्देचिडी चौरलाई फनपार्कका रूपमा विकास गर्ने उद्देश्यले छलफल सुरु गरिएको छ । सदरमुकामको एकमात्र फराकिलो चौरलाई फनपार्क र व्यवस्थित कार्यक्रमस्थल बनाउन सबैले सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । सानो ठाउँमा कम पूर्वाधार निर्माण गरी पोखरा तथा काठमाडौँमा रहेका फनपार्कको जस्तै रूप दिन योजना अघि सारिएको हो । अहिले बिभिन्न चाडपर्वमा आयोजित मेला महोत्सव, राजनीतिक दलका सभा समारोहलगायतका कार्यक्रम सोही स्थानमा गरिँदै आइएको छ । पोखरा-बागलुङ सडक नजिकै रहेकाले पनि उक्त स्थाननाई फनपार्कको रूपमा विकास गर्ननिकै प्रशस्त सम्भावना छ । उनले भने-"सदरमुकाममा एउटा पनि व्यवस्थित बाटिका नहुँदा बालबालिका स्वतन्त्रपूर्वक रमाउन पाएका छैनन् भने सर्वसाधारण पनि एकान्त र शान्त ठाउँ नपाउँदा समस्यामा देखिन्छन् ।" यस्तो अवस्थामा उक्त चौरलाई रमाइलो बाटिकाको रूपमा विकास गर्न लागिएको हिरिलें बताए । जनकल्याण सामाजिक समूहद्वारा बुधवार आयोजित छलफल कार्यक्रममा बोल्दै सांसद अर्जुनप्रसाद जोशीले पर्वत सदरमुकाममा व्यवस्थित फनपार्कको खाँचो रहेको बताउँदै बजारको आकर्षण र आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ननसमेत यसलाई विकास गर्नुपर्ने धारणा व्यक्त गरे। अर्का सांसद कल्पना चापागाईंले महिला समूहकै सक्रियतामा थालिएको फनपार्क निर्माण कार्यलाई आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाए । आफू सांसद हुँदा पनि र नहुँदा पनि उक्त क्षेत्रको विकासमा २०५१ सालदेखिनै लागेको बताउँदै आवश्यक रकम र अन्य व्यवस्थापनका लागि आफू सकियरूपमा लाग्ने प्रतिबद्धता व्यक्त गरे । त्यसै पूर्वमुख जिल्ला अधिकारी झकनाथ ढकालसँगसै पक्ष एकातृ हुने हो भने यो योजनाका लागि राज्यकै मुख ताक्नु नपर्ने पनि बताए । धौलागिरि अञ्चलमै सबैभन्दा ठूलो मैदान कुश्माबजारस्थित बडागाउँचौरमा इन्द्रकालको बेला सशस्त्र प्रहरी बलको चाँडवाश गण स्थापना गरिएपछि अहिले पर्वतमा मेला, महोत्सव, खेलकुदलगायतका गतिविधि सञ्चालन गर्न स्थानको अभाव हुँदै आएको छ । रासस

पोखरामा खुल्यो बाथ रोग अस्पताल

गोल्डेन न्युज संवाददाता
पोखरा १२ चैत्र ।



बाथ रोग उपचारका लागि नेशनल बाथरोग सेन्टर काठमाडौंले पोखरामा शाखा विस्तार गरेको छ । राजधानी बाहिर पहिलोपटक विस्तारित उक्त शाखा बाथरोग उपचारका लागि मात्र केन्द्रित छ ।

शाखाको कार्यशाला प्रमुख जिल्ला अधिकारी हरिप्रसाद मैनालीले उद्घाटन गर्दै बाथरोगीको लागि उपचारमा काठमाडौं धाउनुपर्ने बाध्यता हटेको बताए । ५० लाख रुपैयाँ लागतमा खोलिएको शाखामा अन्तर्राष्ट्रियस्तर को ल्याब, फार्मेसी र उपचार सेवा रहेको संचालक कृष्णराज ढकालले बताए । कास्की, स्याङ्जा, पाल्पा, पर्वत, स्याम्दी, तनहुँ, लमजुङ, मुस्ताङ, गोरखा लगायत जिल्लाका विरामीलाई लक्षित गरी शाखा विस्तार गरिएको ढकालले बताए ।

बाथरोगले मुटु, मृगौला, मस्तिष्क लगायतका अंगमा असर गर्ने भएकोले त्यसलाई समयमै उपचार गर्नुपर्ने डा स्थाल जोशीले बताए । विश्वमा १५ प्रतिशतलाई बाथरोग रहेको र नेपालमा ७ दशमलव १५ प्रतिशतलाई उपचार सेवा दिइरहेको सेन्टरका प्रवन्ध निर्देशक रोशन कक्षपतिले जानकारी दिए । नेपालमा करिब ४० लाख जना बाथरोगी रहेको हुन सक्ने एक अध्ययनले देखाएको छ । बाथरोग करिब एक सय प्रकारका हुन्छन् । चैत १२ र १३ मा बाथरोग भएकालाई निःशुल्क शिविर आयोजना गरिएको जनाइएको छ ।

पोखराको पर्यटन प्रवर्द्धनका लागि घोडा दौड

गोल्डेन न्युज संवाददाता
पोखरा १२ चैत्र ।

खेल पर्यटनको प्रवर्द्धन एवम् विकासका लागि आगामी वैशाख ११ देखि १५ गतेसम्म पर्यटकीय नगरी पोखरामा प्रतियोगितात्मक घोडा दौड एवम् प्रदर्शनी हने भएको छ । प्रदर्शनीबारे जानकारी दिन शुक्रबार पोखरामा आयोजित अन्तर्राकिया कार्यक्रममा नेपाल घोडचढी सङ्घका केन्द्रीय सदस्य एवम् पश्चिमाञ्चल घोडचढी सङ्घका अध्यक्ष लोकजङ्ग लामाले खेल पर्यटनलाई लक्षित गरी घोडा दौड एवम् प्रदर्शनी आयोजना गरिएको बताए ।

पोखराको पर्यटनको विकासका लागि घोडचढी पर्यटन पनि एउटा महत्वपूर्ण पाटो बन्न सक्ने बताउँदै उनले घोडाको ट्रेकिङ ट्रुलसमेत निर्माण गरी पर्यटकलाई आकर्षण गर्न सकिने बताए ।

पश्चिमाञ्चल खेलकुद विकास समितिका अध्यक्ष खगराज पौडेलले सामाजिक पर्यटनका लागि पोखराको पहिचान कायम गर्दै सामाजिक पर्यटनका रूपमा घोडचढी पर्यटनलाई अघि बढाउन सकिने उल्लेख गरे ।

रेस्टुरेन्ट एन्ड बार एसोसिएसन (रेवान) पोखराका उपाध्यक्ष चौबहादुर गुरुङले खेल पर्यटनले पछिल्लो समयमा चासो र चर्चा पाइरहेको बताउँदै घोडचढी पर्यटन पनि सम्भावना बोकेको क्षेत्र भएको उल्लेख गरे ।

पोखरा उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष मीनराज काफ्ले, नेपाल पत्रकार महासङ्घ कास्कीका सचिव विभुवन पौडेल, वातावरण तथा सामाज सुधार समितिका अध्यक्ष राजन पौडेल, जिल्ला पशु सेवा कार्यालयका प्रमुख राकेश प्रजापति, पोखरा पशु स्वास्थ्य प्राविधिक सङ्घका महासचिव सुरेश श्रेष्ठलगायतले पोखराको सामाजिक पर्यटनमा घोडचढी पर्यटनलाई पनि विकास गर्न सकिने भएकाले यसको प्रचार-प्रसार अपरिहार्य भएको बताए ।

ढुङ्गा बोक्दै त्यारी

गोरखा १२ चैत्र ।

औपचारिक नेपाल भ्रमण सकेर केही दिन भूकम्पपीडितको सहयोगमा जुटने घोषणा गर्नुभएका वेलायती राजकुमार त्यारी उत्तरी गोरखाको लापु गाविस-३ स्थित प्रभातिकरण माविको भवन निर्माणमा जुटेका छन् । बिहीवार साँझ लापु आइपुँका उनले शुक्रबार बिहानदेखि अपराह्नसम्म स्थानीय बासिन्दासँग मिलेर ढुङ्गा र काठ बोक्ने काम गरे । बेलायतको परोपकारी संस्था टिम रुबिकनले निर्माण गरिरहेको सो विद्यालय भवन ११ कोठाको हुनेछ । राजकुमार त्यारीको टोलीमा १७ बेलायती र तीन नेपाली छन् ।

राष्ट्रिय मुक्तक पुरस्कार रत्नशमसेर थापालाई

गोल्डेन न्युज संवाददाता
पोखरा १२ चैत्र ।



मुक्तक मञ्च पोखराद्वारा सञ्चालित 'राष्ट्रिय मुक्तक पुरस्कार २०७२' बाट अग्रज साहित्यकार तथा मुक्तककार रत्नशमसेर थापालाई पुरस्कृत गरिने भएको छ । चैत २७ गते शनिवार पोखरामा आयोजित एक कार्यक्रमका बीच थापालाई पुरस्कृत गरिने शुक्रबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । साहित्यकार तीर्थ श्रेष्ठको संयोजकत्वमा दीपक समीप, अल्पविराम, रुपिन्द्र प्रभावी 'कटू' सदस्य र संस्थाका अध्यक्ष सरला लामिछाने 'सर' सदस्य संचिव रहेको प्रतिभा छनौट समितिले थापालाई पुरस्कृत गर्ने निर्णय गरेको हो । नेपाली मुक्तककी विकासमा महत्वपूर्ण योगदान पुऱ्याएकाले थापालाई पुरस्कृत गर्ने निर्णय गरिएको प्रतिभा छनौट समितिका संयोजक श्रेष्ठले बताए ।

११ हजार १ सय ११ रुपैयाँ नगदसहित सम्मानपत्र र दोशल्वाबाट थापालाई पुरस्कृत गर्ने कार्यक्रम छ । सोही अवसरमा थापाको एकल वाचन कार्यक्रम पनि हुने अध्यक्ष सरले जानकारी दिइन् । प्रतिभा छनौट समितिले थापालाई पुरस्कृत गर्ने निर्णय गरेको हो । मञ्चले हरेक २÷२ वर्षमा पुरस्कार वितरण गर्दै आइरहेको संस्थाका पूर्व अध्यक्ष कृष्ण देवकोटाले जानकारी दिए । साहित्यकार विष्णुकुमार श्रेष्ठ 'अल्पविराम' द्वारा स्थापित उक्त पुरस्कार यस भन्दा अगाडि स्व. कृष्णप्रसाद परजुलीलाई अर्पण गरिएको थियो ।

मञ्चले नियमित रुपमा मुक्तक वाचन, पुस्तक प्रकाशन, अन्तर्राकिया लगायतका कार्यक्रम गर्दै आइरहेको उनले बताए ।

अमेरिकन लाहुरेसंग लगनगाँठो कस्न खोज्दा १६ युवती फसे

काठमाडौं १२ चैत्र ।

नुवाकोटका जीवन तामाडले आफूलाई कहिल्यै सक्कली नामले चिनाएनन् । अमेरिकी राष्ट्रपतिहरू बिल क्लिन्टन, जर्ज डब्लु बुस, तथा बाराक ओबामासँगको फोटो आफ्नो वेड रुम र मिटिङ रुममा सजाएका जीवनले आफूलाई कहिले अमित भन्थे, कहिले काभेली विष्णु कुमार तामाड । चावहिलमा एक आलिसान महलको फय्याट भाडामा लिएर बसेका जीवनले नुवाकोटको सामरी गाविसकी सुवि तामाडसँग विवाह गरेका थिए । उनी काठमाडौं बाहिर हिँडीरहन्थे, चावहिलमा उनको सात वर्षिय छोरा र श्रीमती सुवि बस्थिन् । टहलिएको भरमा मासिक लाखौं कमाउने जीवनसँगी सुवी पनी मख्ख पर्दिन् । जिन्दगी शानले चल्दै थियो ।

आफूलाई अमेरिकी आर्मी बताउने तिनै खाइलाग्दो ज्यानका जीवन तामाडविरुद्ध करिब ६ महिनाअघि महानगरीय प्रहरी परिसर काठमाडौंमा ठगीको उजुरी पर्यो । काठमाडौं प्रहरीमा आएको जीवनविरुद्धको पहिलो उजुरीमा 'अमित लामाले आफूलाई अमेरिकन लाहुरे हुँ, तिमीसँग विवाह गछु भन्दै भरुक्याएर दुई लाख पचास हजार ठगेको' बुरा उल्लेख गरिएको थियो ।

त्यस्ता उजुरीहरु एकपछि अर्को बढ्न थाले । कसैले महानगरीय प्रहरी अपराध महाशाखामा उजुरी दिन्थे कसैले परिसरमा । एउटै व्यक्तिका विरुद्ध पर्दै-लेखेका युवतीहरुले पटक-पटक उजुरी गर्न थालेपछि काठमाडौं प्रहरीले खोज्न थाल्यो, 'आखिर को हो जीवन तामाड ?'

बसरी पट्यायउँबे केटी !

जीवनको वास्तविकता बुझिसाध्य छैन । आफूलाई कहिले नुवाकोटको, कहिले धरानको बताउने जीवनले धेरैलाई आफ् काभेको मादनकुँडारी-३ को स्थायी बासिन्दा भएको बताएका थिए । 'ये कलरको एचपी ल्यापटप' बोकेर हिँड्ने जीवन प्रविधिमा पोख्त थिए । इमेल, इन्टरनेट र फेसबुक चलाइरहन्थे । उनले फोटोसप प्रयोग गरेर अमेरिकी राष्ट्रपतिदेखि अमेरिकी सेनासँग नक्कली तस्विरहरु बनाएका थिए । अमेरिकी दुतावास र अमेरिकी सेनाका हरेक गतिविधी बारे अपडेट भइरहने तामाडले सिंगो अमेरिकी सेनाको नाम बेचेर लाखौं कमाए ।

कुनै स्मार्ट युवतीको पुरै पृष्ठभूमि थाहा नाएपछि उनी फ्रेन्ड रिक्वेस्ट पठाउँथे । केटीले फ्रेन्ड रिक्वेस्ट एसेप्ट नगरेसम्म लगातार मैसेज गर्थे, अनि साथी स्वीकार्न बाध्य बनाउँथे । केटीहरुले साथी स्वीकारेपछि उनले केटीहरुको परिवारसमेतको सालाखाला विवरण तयार पारिसकेका हुन्थे । एउटी केटीका लागि उनले छुट्टै सिमकार्ड लिन्थे । घरमा राखी श्रीमती थिइन्, जसका कारण उनी केटीहरुको शारीरिक संरचना देखेर कहिल्यै लोभिदैनथे, वरु उनलाई देखेर केटीहरु मोहित हुन्थे । यस्तोमा १६ भन्दा बढी जनतासँग घुसी ठगे भन्ने ठम्दै थिए, ठम्दा ठम्दै उनी प्रहरीको फन्दामा परे ।

पहिला मोहित बनाउँबे, त्यसपछि लाख-लाख ठम्बे !

काठमाडौंको बानेश्वर बस्ने कोपिला तामाड (नाम परिवर्तन) लाई जीवनले सबैभन्दा पहिले साथी बनाए । त्यसपछि कोपिला र जीवनको बीचमा लगातार च्याटिङ शुरु भयो । एकदिन जीवनले प्रस्ताव राखे, 'मलाई एक्लोपनले असाध्यै सतायो, विवाह गर्न उत्सुक छु ।'

कोपिलाको विवाह भैसकेको थियो, त्यसैले जीवनको प्रस्तावलाई उनले अस्वीकार गरेर टाढिन खोजे । उनको जालमा परेपछि उनका निकै गाढ़ी थियो । कोपिलालाई फसाउन उनले नयाँ आईडिया रचेर उनले आफ्नो श्रीमती पर्योग गरे । 'श्रीमतीलाई बेची भरे कुरा गर्न सबैलाई सजिलो हुन्छ' ठगी प्रकरणको अनुसन्धान गरिरहेको एक प्रहरी अधिकृतले भने, -'हामी गुरुङ, तामाङ सोझो जात, बाइलेसोझो कुरा गर्नुभो माईन्ड नगर्नुस है भन्दै सुबिले कोपिलालाई फकाएसँगै सम्बन्ध पुनः नर्या डगले आगाडि बढेछ ।'

श्रीमतीले बाहिनी बनेर मध्यस्तकर्ताको भूमिका खेलेपछि जीवनले 'सरी' भन्दै कोपिलालाई दिदी भन्न थाले, सम्बन्ध पहिलेभन्दा घनिष्ट बनाए । यो कुरा करिब दुई वर्ष अघिको हो । दिदी साइनो लगाएको केही महिनापछि आफू बाहिर भएको हुनाले काकाको उपचारका लागि तत्काल दुई लाख पचास हजार आवश्यक परेको भन्दै उनले कोपिलासँग पैसा मागे । त्यतिबेला उनले कोपिलालाई आफू नुवाकोटतिर आएको बताएका थिए । कोपिलाले राम्रै मनले जीवन श्रेष्ठको नाममा भनेजस्तै रकम आईएमई गरिदिइन् । पैसा दिएको



भोलिपल्टबाट फेसबुके भाई जीवन तामाङ गायब भए ।

रसिक्याएकी आर्कृति लामा (नाम परिवर्तन) बालाजु बस्थिन् । फेसबुकामार्फत साथी बनेका जीवनले बारम्बार कुरा गर्न खोजेपछि उनले वेवास्था गर्न खोजिन, तर सकिनन् । आफूलाई अमेरिकी सेनाको जागिरे बताउने जीवनले फेसबुकमा बन्दुक भिरको फोटो हालेका थिए । आकृतीले उनको फेसबुक बालमा भएका सबै गतिविधी हेरिन् । 'अमेरिकी सेनाको भोजमा सहभागी भएको, बर्दिवाल अमेरिकी सेनाहरुसँग अकमाल गरेको फोटोहरु पोष्ट गरेको देखेपछि विश्वास लाग्यो' आकृति भान्छिन्, -'अमेरिकी सपनाको अगाडि मलाई चार लाख सामान्य जस्तो लाग्यो, ठगिछु भन्ने पाहि भएन ।' आकृतिकी आमासँग समेत भेटघाट गरेका अभियुक्तले पहिले उनीसँग विवाह गर्ने कस्म खाए, पछि आफ्नालाई किड्नी फेर्नुपरेकाले पैसा आवश्यक भएको र अमेरिका पुगेपछि फकाईदिने वाचा गर्दै चार लाख आइपर्छ भन्दै थिए ।

स्कूलको 'च्यारिटी शो' मा दश लाख दिने घोषणा

नुवाकोटकी कविता थोकर (नाम परिवर्तन) अमेरिका जाने पानुनेमा डुक्क थिइन् । जीवनसँग लामो समय फेसबुकामार्फत कुराकानी भएको मात्र थिएन्, एकपटक उनी कविताको घरमै पुगे । खाईलाग्दो ज्यानको अमेरिकी सेनामा जागिरे युवा आफ्नी छोरीलाई भेटन पहाड घरमा आएपछि कविताको बाबु आमाले पनि राम्रै मानमनितो गरे । जीवन पुगेको भोलिपल्ट गाउँको स्कूलमा च्यारिटी शो थियो । 'नक्कली अमेरिकन सेना लाई शिक्षकहरुले कार्यक्रमको अतिथि बनाए । स्कूलको कार्यक्रममा भाषण ठोकेका जीवनले विद्यालयलाई दश लाख दिने घोषणा गर्दा कविताको मन भित्रभित्रै उडेको थियो, चराजस्तै ।

स्कूललाई लाखौं दान गर्ने घोषणा गरेको भोलिपल्ट जीवन अमेरिका उड्ने व्यस्त सेड्युल देखाउँदै काठमाडौं फर्किए । काठमाडौं आएको भोलिपल्ट तत्काल पाँच लाख चाहिएको भन्दै उनले कवितालाई फोन गरेर आफूले सबै पैसा अमेरिकामै छाडेर आएको र उता पुगेपछि पठाईदिने बताए ।

बाबुले ऋण खोजे, कविताले सुन बेचिन् । वल्ल-वल्ल पाँच लाख जम्मा गरे आइएमई गरेको भोलिपल्ट कविता नसोचेको खबर सुनिन् । ककनीकी नक्कली हब्दार वनेर जीवनले चलाउने नम्बरबाट नर्या मान्छेले फोन गरेर भन्यो, 'उँहा ककनीकी भिरबाट खसेर मर्नुभो, अवदेखि यो नम्बरमा फोन नगर्नु !'

दुई ओटा फरोज बोक्बे, महाराजगञ्जमा घर घ्र भन्बे

'अमेरिकन आर्मीमा जागिर खाल्डु, विहे गरेर अमेरिका ल्याउँछु' भन्दै युवतीहरु ठग्ने जीवन तामाङको सायमा एउटा आइफोन टुटेदि थियो । आईफोन पनि फेरी-फेरी बोक्ने जीवन प्रायः दुईओटा मोबाईल बोक्थे । प्रहरीले उनको फयाटबाट करिब आधा दर्जन महंगा मोबाईल सेट बरामद गरेको छ । प्रहरीको पछिल्लो अनुसन्धानले उनको स्थायी घर नुवाकोटको सामरी गाविस-५ भएको खुलेको छ । 'महाराजगञ्जमा मेरो घर भाडामा दिएको छु' भनेर चावहिलमा भाडामा बस्ने जीवनले घरबेटीलाई पनि झुक्याएका थिए । घरबेटीलाई पनि उनले आफू अमेरिकी आर्मी भएको बताउँदै आफ्नो घर अमेरिकन दुतावासमा बस्ने मरिन कोरका सैनिकले भाडामा उपयोग गरेको भन्दै ढाँटिका थिए । चार महिनादेखि चावहिल बस्दै आएका जीवनले आफ्नो वासस्थानलाई आधुनिक तरिकाले सजाएको अनुसन्धानमा संलग्न प्रहरी अधिकारीले बताए ।

जीवन महिनामा लाखौं ठगेर न्याउँदै, श्रीमती बैंकमा पैसा राख्थिन्, ब्यूटी पार्लर धाइरहन्थिन् । जीवनले कुनै पनि बैंकमा खाता नखोलेपनि श्रीमती सुबीको नाममा हिमालय र प्रभु बैंकमा खाता देखिएको प्रहरीले जनाएको छ ।

बसरी समाधिइन् श्रीमती

प्रकाउ परेपछी पनी खास कुरा नखोलेका जीवनको ठगी धन्दाबारे उनकी श्रीमती पकाउ गरेपछि धेरै कुरा खुल्दै गएको छ । पछिल्लो पटक कुराकानी भएको नम्बर बारे सोधपुछ गर्दा जीवनले आफ्नो बहिनीको नम्बर भएको प्रहरीलाई बताए । तिनै बहिनीलाई फोन गर्न लगाएपछि उनले श्रीमतीलाई बानेश्वर बोलाएका थिए । जीवनको बैनी बनेर बानेश्वर आएकी सुबी तामाङ प्रहरी फन्दामा परेपछि मार्बे अभियुक्तको श्रीमती भएको खुल्यो । अहिले श्रीमान श्रीमती दुवैजना महानगरीय प्रहरी अपराध महाशाखाको हिरासतमा छन् ।

अपरिचितको फ्रेन्ड रिक्वेस्ट अस्वीकार गर्नुहोस् : प्रधुम्न काकी

फेसबुककै माध्यमबाट दर्जनवढी युवतीहरुलाई ठगेको घटना सार्वजनिक भएसँगै काठमाडौं प्रहरीले अपरिचीतको फ्रेन्ड रिक्वेस्ट अस्वीकार गर्न आग्रह गरेको छ । महानगरीय प्रहरी परिसरका प्रवक्ता प्रधुम्न काकीले भने, 'फेसबुकको दुरुपयोगले एउटै व्यक्ति ३ देखि ६ लाखसम्म ठगिएको पाइयो, अबका दिनमा त्यस्ता अपरिचितको रिक्वेस्ट अस्वीकार गर्न हामी आग्रह गर्छौं ।' जीवन तामाङबाट १६ भन्दा बढी युवतीहरु ठगिनुको मुल कारण विदेश प्रतिको आकर्षण पनि मुख्य कारण भएको काकीले बताए । उनले भने,-'समाज विदेशप्रति आलिबढी आकर्षित भएको देखिन्छ ।'

शीत : रातोपाटी

युवती फसे

भाडामा बस्ने जीवनले घरबेटीलाई पनि झुक्याएका थिए । घरबेटीलाई पनि उनले आफू अमेरिकी आर्मी भएको बताउँदै आफ्नो घर अमेरिकन दुतावासमा बस्ने मरिन कोरका सैनिकले भाडामा उपयोग गरेको भन्दै ढाँटिका थिए । चार महिनादेखि चावहिल बस्दै आएका जीवनले आफ्नो वासस्थानलाई आधुनिक तरिकाले सजाएको अनुसन्धानमा संलग्न प्रहरी अधिकारीले बताए ।

जीवन महिनामा लाखौं ठगेर न्याउँदै, श्रीमती बैंकमा पैसा राख्थिन्, ब्यूटी पार्लर धाइरहन्थिन् । जीवनले कुनै पनि बैंकमा खाता नखोलेपनि श्रीमती सुबीको नाममा हिमालय र प्रभु बैंकमा खाता देखिएको प्रहरीले जनाएको छ ।

बसरी समाधिइन् श्रीमती

प्रकाउ परेपछी पनी खास कुरा नखोलेका जीवनको ठगी धन्दाबारे उनकी श्रीमती पकाउ गरेपछि धेरै कुरा खुल्दै गएको छ । पछिल्लो पटक कुराकानी भएको नम्बर बारे सोधपुछ गर्दा जीवनले आफ्नो बहिनीको नम्बर भएको प्रहरीलाई बताए । तिनै बहिनीलाई फोन गर्न लगाएपछि उनले श्रीमतीलाई बानेश्वर बोलाएका थिए । जीवनको बैनी बनेर बानेश्वर आएकी सुबी तामाङ प्रहरी फन्दामा परेपछि मार्बे अभियुक्तको श्रीमती भएको खुल्यो । अहिले श्रीमान श्रीमती दुवैजना महानगरीय प्रहरी अपराध महाशाखाको हिरासतमा छन् ।

अपरिचितको फ्रेन्ड रिक्वेस्ट अस्वीकार गर्नुहोस् : प्रधुम्न काकी

फेसबुककै माध्यमबाट दर्जनवढी युवतीहरुलाई ठगेको घटना सार्वजनिक भएसँगै काठमाडौं प्रहरीले अपरिचीतको फ्रेन्ड रिक्वेस्ट अस्वीकार गर्न आग्रह गरेको छ । महानगरीय प्रहरी परिसरका प्रवक्ता प्रधुम्न काकीले भने, 'फेसबुकको दुरुपयोगले एउटै व्यक्ति ३ देखि ६ लाखसम्म ठगिएको पाइयो, अबका दिनमा त्यस्ता अपरिचितको रिक्वेस्ट अस्वीकार गर्न हामी आग्रह गर्छौं ।' जीवन तामाङबाट १६ भन्दा बढी युवतीहरु ठगिनुको मुल कारण विदेश प्रतिको आकर्षण पनि मुख्य कारण भएको काकीले बताए । उनले भने,-'समाज विदेशप्रति आलिबढी आकर्षित भएको देखिन्छ ।'

शीत : रातोपाटी

भूकम्पपीडितलाई २० लाख सहयोग

गोल्डेन न्युज संवाददाता
पोखरा १२ चैत्र ।

पोखराका दुई समाजसेवी महिलाले रु २० लाख ७० हजार रु९३ सङ्कलन गरी भूकम्पपीडित लाई वितरण गरेका छन् ।

समाजसेवी द्वय रुक्मागरीले रु नौ लाख ९७ हजार ५०८ सहयोग सङ्कलन गरेका थिए । भूकम्पबाट बढी क्षति भएका गोरखा, धादिङ, लमजुङ, तनहुँ र सिन्धुपाल्चोकका भूकम्पपीडित लाई उनीहरू आफै ती ठाउँमा गई रकम वितरण गरेका थिए ।

बिहीबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए । अमेरिका, बेल्जियम, नर्वे, वेलायतमा बस्दैआएका नेपाली र स्थानीय सहयोगदाताबाट लक्ष्यीदेवीले रु १० लाख ७३ हजार ४०५ र रुक्मागरीले रु नौ लाख ९७ हजार ५०८ सहयोग सङ्कलन गरेका थिए । भूकम्पबाट बढी क्षति भएका गोरखा, धादिङ, लमजुङ, तनहुँ र सिन्धुपाल्चोकका भूकम्पपीडित लाई उनीहरू आफै ती ठाउँमा गई रकम वितरण गरेका थिए ।

खुशीको खबर

Missha makeup Product हरु B.B. Cream, Lofion, Sun cream, Dressing cream, Hair color, Face pack, Hair stream, Body mist, scrub का साथै अन्य सामाग्रीहरु होलसेल तथा खुद्रा विक्री गरिन्छ ।

मिशा कोरियन पसल, पोखरा ट्रेडमल (पहिलो तला)
चिल्हेट्रुङ्गा,फोन : ०६१-४१७००६, ४८२४१६३६६२

कर्मचारी आवश्यकता

यस संस्थाका लागि केही कर्मचारी आवश्यक परेको हुँदा इच्छुक, योग्य र इमान्दार व्यक्तिले ३ दिनभित्र आफ्नो बायोडाटा सहित कार्यालय सम्पर्क गर्नुहोला ।

पद : ल्याब टेक्निसियन
संख्या : १ जना
पद : ल्याब असिस्टेन्ट
संख्या : १ जना
तलब : आकर्षक

सम्पर्क
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एक्टेमीको ठीक अगाडि
फोन: ०६१-५३८१४४, ४८६०४१५३१, ४८०४१७२५३१
नयाँ तथा पुराना विरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

सुनौली पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्युज राष्ट्रिय दैनिकका लागि अध्यक्ष प्रधान सम्पादक अगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता मुरुङ
कार्यालय : चिल्हेट्रुङ्गा (सुनौली भवन), पोखरा, फोन:०६१-५३९,५४५, फ्याक्स : ५२६२२९, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिल्हेट्रुङ्गा, पोखरा